# झुम्का खानेपानी तथा सरसफाई मूल उपभोक्ता समिति

रामधुनी-३, सुनसरी

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**म्याद थप गरी तथा सूचना सच्याई दोस्रो पटक प्रकाशित मिति २०८२/०२/१९**

यस संस्थाको मिति २०८१/१२/३१ गते र मिति २०८२/०१/२३ गतेको संस्था कार्यसमितिको बैठकको निर्णयअनुसार कर्मचारी आवश्यकतासम्बन्धी सूचना प्रथम पटक मिति २०८२/०१/२३ गते प्रकाशन गरिएकोमा मिति २०८२/०२/१८ गते बसेको पदपूर्ति समितिको बैठकको निर्णयअनुसार दरखास्त दिने म्याद तथा सूचना सच्याइएको छ । साथै यो संशोधित सूचना प्रकाशन हुनुअघि दरखास्त दिएका उम्मेदवारहरुलाई पनि यसै सूचनाअनुसार हुने व्यहोरा अनुरोध गर्दै संस्था विधान २०५७ (संशोधित २०७९) र कर्मचारी सेवा, शर्त सुविधा एवं बन्दोबस्त सम्बन्धी विनियम २०८१ बमोजिम यो संशोधित सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| विज्ञापन नं. | पद | माग संख्या | तह | परीक्षाको किसिम | आवश्यक न्यूनतम् योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ / २०८१/ ०८२ | मिटर रिडर | २ | सहायकस्तर चौथो/ खरिदार | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | एसएलसी वा सो सरह, कम्प्युटर बेसिक कोर्ष | मिटर रिडिङको अनुभवीलाई प्राथमिकता |
| २ / २०८१/ ०८२ | पम्प अपरेटर | २ | सहायकस्तर चौथो/ खरिदार | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | एसएलसी वा सो सरह, कम्प्युटर बेसिक कोर्ष/विद्युतको बेसिक कोर्ष | अपरेटर सम्बन्धी अनुभवीलाई प्राथमिकता |
| ३ / २०८१/ ०८२ | प्लम्बर | १ (महिला) | सहायकस्तर चौथो/ खरिदार | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | एसएलसी वा सो सरह, प्लम्बिङ सम्बन्धी कम्तीमा ४५ दिनको तालिम प्राप्त | प्लम्बिङ सम्बन्धी अनुभवीलाई प्राथमिकता |
| ४ / २०८१/ ०८२ | हलुका सवारी चालक | १ | श्रेणी विहिन | प्रयोगात्मक र अन्तरवार्ता | दश कक्षा पास, चालक अनुमति पत्र प्राप्त | अनुभवीलाई प्राथमिकता |

दरखास्त दस्तुर : ५०५।-

सेवाको किसिम : स्थायी

दरखास्त दर्ता गर्ने अन्तिम मिति : २०८२/०२/२८

डबल दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति : २०८२/०३/०४

सम्पर्क मिति : २०८२/०३/०५

परीक्षा मिति : २०८२/०३/०६ दिनको २:०० (परीक्षा केन्द्र सम्पर्क मितिका दिन तोकिने छ)

प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता : मिति २०८२/०३/०७ गते विहान ८:०० बजेदेखि संस्थाको कार्यालयमा हुनेछ ।

तलब स्केल : समितिको निर्णयअनुसार ।

पाठ्यक्रम : संस्थाले तोकेबमोजिम हुनेछ । दरखास्त दिएका उम्मेदवारहरुले पाठ्यक्रम संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

**शर्तहरू :**

१. ४० वर्ष ननाघेको हुनुपर्ने ।
२. नेपाली नागरिक हुनुपर्ने ।
३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको तथा मानिसक सन्तुलन गुमाएको व्यक्ति उम्मेदवार हुन पाउने छैन ।

***संलग्न गर्नुपर्ने कागजातहरू :***

१. शैक्षिक योग्यता प्रमाणपत्रका प्रमाणित प्रतिलिपी
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. निरोगिता प्रमाणपत्र
४. पासपोर्ट साइजको फोटो २ प्रति
५. अनुभवको प्रमाणपत्रका प्रमाणित प्रतिलिपी

नोट : कुनै उम्मेदवारले एकभन्दा बढी पदमा दरखास्त दिएको भए लिखित परीक्षा एउटै हुने र प्राप्ताङ्क भने दुवै पदका लागि गणना गरिने छ । लिखित तथा प्रयोगात्मक परीक्षामा सफल उम्मेदवारहरुले अन्तरवार्तामा सहभागी हुँदा सक्कल प्रमाणपत्रसहित उपस्थित हुनुपर्नेछ ।

पदपूर्ति समिति

CS CamScanner